माछापुच्छ्रे गाउँपालिका

स्थानीय राजपत्र

खण्डः ०६ संख्याः ०६ मितिः २०७९।०७।०६

**भाग-२**

सम्बत् २०७९ सालको कार्यविधि नं. ४

# दिर्घ रोगी (मधुमेह र रक्तचाप) जेष्ठ नागरिकहरुलाई निःशुल्क स्वास्थ्य परीक्षण तथा औषधि वितरण कार्यक्रम सञ्चालन कार्यविधि, २०७९

**प्रस्तावनाः** माछापुच्छ्रे गाउँपालिकाले यस पालिका भित्र रहेका सबै सम्मानित जेष्ठ नागरिकहरुको सम्मान र उहाँरुको स्वास्थ्यलाई विशेष सामाजिक दायित्व सम्झेर जेष्ठ नागरिकहरुको स्वास्थ्य दुर्भालता हटाउन, आर्थिक अभावका कारण औषधि किनेर खाने क्षमता न्यून हुँदै जाने औषधिको अभावमा स्वास्थ्य समस्या झन् जटिल हुने भएकोले नेपालमा देखा परेका मुख्य नसर्ने रोगहरु उच्च रक्त चाप र मधुमेह साथै सामान्य खालका बुढ्यौली अबस्थामा देखा पर्ने स्नायु, अनिन्द्रा, सोचाइ साथै खाना सम्बन्धी रोगहरुले सताई रहेको अवस्थालाइ न्यूनीकरण गर्न जेष्ट नागरिकहरुलाई उहाँहरुले नियमित रुपमा खानु पर्ने औषधिहरु त्रैमासिक रुपमा

माछापुच्छ्रे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय

नियमित उपलब्ध गराउने र जेष्ठ नागरिकहरुको शिप, अनुभव र संस्कर साथै सांस्कृतिक अनुभवको पुस्तान्तरण गर्न उपयुक्त वातावरण बन्न सकोस भन्न, जेष्ठ नागरिकहरु खुशी हुने वातावरण मात्रै हैन परिवारको पनि आर्थिक अवस्थामा केहि सुधार ल्याउन सकियोस भनि माछापुच्छ्रे गाउँपालिकाको आ.व. २०७९/०८० नीति तथा योजना कार्यक्रममा समावेश गरी दिर्घ रोगी जेष्ठ नागरिकहरुलाई निःशुल्क स्वास्थ्य परीक्षण तथा औषधि वितरण कार्यक्रम सञ्चालन गर्न बाञ्छनीय भएकोले माछापुच्छ्रे गाउँपालिका प्रशासकीय कार्यविधि (नियमित) गर्ने ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी माछापुच्छ्रे गाउँपालिकाले यो कार्यविधि जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम **"दिर्घ रोगी (मधुमेह र रक्तचाप) जेष्ठ नागरिकहरुलाई निःशुल्क स्वास्थ्य परीक्षण तथा औषधि वितरण कार्यक्रम सञ्चालन कार्यविधि २०७९"** रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) **"गाँउपालिका"** भन्नाले माछापुच्छ्रे गाँउपालिकालाई सम्झनु पर्दछ।

(ख) **"अध्यक्ष"** भन्नाले माछापुच्छ्रे गाँउपालिका गाँउपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ।

(ग) **"उपाध्यक्ष"** भन्नाले माछापुच्छ्रे गाँउपालिका गाँउपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ ।

(घ) **"प्रमुख प्रशाशकीय अधिकृत"** भन्नाले माछापुच्छ्रे गाँउपालिका गाँउकार्यपालिकाका प्रमुख प्रशाशकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(ङ) **"स्वास्थ्य शाखा"** भन्नाले माछापुच्छ्रे गाँउपालिकाको स्वास्थ्य शाखालाई सम्झनु पर्दछ ।

माछापुच्छ्रे गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय

(च) **"स्वास्थ्य संस्था"** भन्नाले माछापुच्छ्रे गाँउपालिका अन्तर्गतका प्राथमिक स्वास्थ्य केन्द्र,स्वास्थ्य चौकी सामुदायिक स्वास्थ्य इकाई, आधारभूत स्वास्थ्य केन्द्रलाई सम्झनु पर्दछ ।

(छ) **"संयोजक"** भन्नाले माछापुच्छ्रे गाँउपालिकाका अध्यक्षलाई सम्झनु पर्दछ ।

(ज) **"नर्सिङ कर्मचारी"** भन्नाले स्वास्थ्य संस्थामा कार्यरत सरकारी तथा करार सेवामा रहेका नर्सिङ परिषद्मा दर्ता भएका स्टाफ नर्स, सि.अ.न.मी./अ.न.मी . लाई सम्झनु पर्दछ ।

(झ) **"स्वास्थ्य जनशक्ति"** भन्नाले स्वास्थ्य संस्थामा नियमानुसार नियुक्ति भै कार्यरत देहाय बमोजिमका स्वास्थ्य कर्मीहरुलाई जनाउने छ । (विशेषज्ञ चिकित्सक, चिकित्सक, जनस्वास्थ्य निरीक्षक सि.अ.हे.व. अधिकृत, हे.अ., स्टाफनर्स, सी,अ,न.मि. अधिकृत, अ.न.मि. अन्य प्यारामेडिक्स र नर्सहरु, जनस्वास्थ्यकर्मीहरु प्रयोगशालाकर्मीहरु, रेडियोग्राफरहरुलाई सम्झनु पर्दछ ।

(ञ) **"जेष्ठ नागरिक"** भन्नाले माछापुच्छ्रे गाउँपालिका भित्र बसोबास गर्ने ६० वर्ष माथिका महिला तथा पुरुषलाई तर यस कार्यक्रममा जेष्ठ नागरिक जो ८० बर्षका वा सो भन्दा माथिका छन उनीहरुलाई बुझ्नु पर्दछ (सामन्यतया यो अवस्था दिर्घ रोगी मधुमेह, उच्च रक्तचाप साथै मानसिक समस्या भएका जेष्ठ नागरिक) ।

(ट) **"दिर्घ रोग"** भन्नाले नेपाल सरकारले दिर्घ रोग तथा नसर्ने रोगहरु भन्नाले मधुमेह, उच्च रक्तचाप साथै मानसिक रोगिलाई सम्झनु पर्दछ।

वा

माछापुच्छ्रे गाउँपालिकाले नेपाल सरकारले तोकेका अन्य रोगहरुलाई दिर्घ रोगि भनी कार्यक्रम संचालन निर्देशिकामा समावेश गरेका थप रोगहरुलाई समेत जनाउनेछ ।

माछापुच्छ्रे गाउँपालिकाको कार्यालय

(ठ) **"दिर्घ रोगी अवस्था"** भन्नाले उच्च रक्तचाप, मधुमेह, मानसिक रोगका कारण दैनिक कार्य गर्न असमर्थ रहेका वा उल्लेखित रोगका कारण शारीरिक समस्या परी व्यक्तिगत नित्य कर्म समेत गर्न नसक्ने, नियमित औषधि सेवन गर्न पर्ने विरामी महिला पुरुषलाई सम्झनु पर्दछ ।

(ड) **"दिर्घ रोगी भेट तथा स्वास्थ्य जांच"** भन्नाले स्वास्थ्य कर्मीहरुले सबै वडामा रहेका दिर्घ रोगीहरुको स्वास्थ्य जांच गरि उपलब्ध भएका फर्म्याटहरुमा विरामीको अभिलेख राख्ने कार्यलाई सम्झनु पर्छ ।

(ढ) **"महिला स्वास्थ्य स्वयंसेविका"** भन्नाले समुदायका आमा समुहले छनौट गरी स्वास्थ्य संस्थाको सिफारिसमा परिवार स्वास्थ्य महाशाखामा सुचिकृत महिला स्वास्थ्य स्वयं सेविका लाई सम्झनु पर्छ ।

(ण) **"संचालक समिति"** भन्नाले दफा ५ मा व्यवस्था भए वमोजिमका समिति सम्झनु पर्छ ।

(त) **"कार्यक्रम"** भन्नाले दिर्घ रोगी (मधुमेह र रक्तचाप ) जेष्ठ नागरिकहरुलाई निःशुल्क स्वास्थ्य परीक्षण तथा औषधि वितरण कार्यक्रम, २०७९ सम्झनु पर्दछ ।

(थ) **"यातायात खर्च"** भन्नाले यस कार्यक्रम सञ्चालन गर्ने क्रममा दिर्घ रोगीहरुलाई स्वास्थ्य जाँच तथा सेवन गरिरहेको औषधिको विवरण संकलन गर्न जाने क्रममा बिरामीहरुको घरबास सम्म स्वास्थ्य कर्मी पुगी विवरण लिने र स्वास्थ्य जाँच गरेबापत स्वास्थ्य कर्मीहरुलाई दिइने यातायात खर्च बुझिनेछ जुन पालिकाको नियम अनुशार हुनेछ।

(द) **"संचार खर्च"** भन्नाले स्वास्थ्य स्वास्थ्य संस्थाको जेष्ठ नागरिक स्वास्थ्य कार्यक्रम हेर्ने फोकल पर्सन वा स्वास्थ्य सस्था प्रमुखले हरेक ३/३ महिनामा जेष्ठ नागरिकहरुको स्वास्थ्य अवस्था बुझ्न जाँच र सोको अवस्था बुझ्नलाई दिने रकम लाई बुझ्नु पर्दछ ।

माछापुच्छ्रे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

(ध) **"निःशुल्क औषधि"** भन्नाले जेष्ठ नागरिक जो दिर्घ रोगबाट प्रभावित भइ औषधि सेवन गरिरहेका छन उनीहरुलाई स्वास्थ्य संस्थाले संकलन गरेको तथ्यांकको आधारमा बिरामीले खाई आएको **Formulation** को औषधि खरिद गरी स्वास्थ्य संस्था मार्फत वितरण गरिने औषधि बुझ्नु पर्दछ।

(न) **"तथ्यांक"** भन्नाले स्वास्थ्यकर्मीहरुले पालिका भित्र बसोबास गर्ने जेष्ठ नागरिक (८०बर्ष) माथिका महिला पुरुषहरुको संख्यात्मक विवरण साथै उहाँहरुले खाएका औषधिहरुको विवरण लिनुलाई सम्झनु पर्दछ ।

## ३. कार्यक्रमको उद्देश्यः

(क) दिर्घ रोगबाट ग्रस्त भई नियमित औषधि खान पर्ने जेष्ठ नागरिक तथा सहारा नभएका एकल महिला र पुरुषलाई नियमित स्वास्थ्य जांच गर्ने ।

(ख) दिर्घ रोग मधुमेह, उच्च रक्त चापबाट हुने थप जटिलतालाई घटाउने।

(ग) आर्थिक अभावका कारण दैनिक औषधि खान नसक्ने जेष्ठ नागरिकहरुलाई नियमित औषधि निशुल्क उपलब्ध गराउने ।

(घ) जटिलताहरुलाई न्यूनीकरण गर्दै जेष्ठ नागरिकको बाकी जीवन सहज बिताउन सक्ने बनाउने ।

(ङ) आर्थिक अभावका कारण अस्पताल वा प्रेषण गरिएको अस्पताल जान नसक्ने जेष्ठ नागरिकको थप उपचारमा प्रोत्साहित गर्ने ।

(च) दिर्घ रोगि र जेष्ठ नागरिकको परिवारलाई पारिवारिक सामिप्यतामा सहज बनाउने।

(छ) माछापुच्छ्रे गाउंपालिकामा रहेका जेष्ठ नागरिक जो दिर्घ रोगि छन उनीहरुलाई योग र योगाभ्यास साथै जीवन जिउने कला खुशी र

माछापुच्छ्रे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय

सुखी एबं जेष्ठ नागरिक योग ,ध्यान केन्द्र समेत संचालन गरि जीवन सुखमय बनाउने ।

(ज) महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई गर्भवती र नवाजात शिशु प्रति थप उत्तरदायी बनाई उनिहरुलाई स्वास्थ्य सस्थामा सुरक्षित प्रसुति हुन सहयोग गर्न अभिप्रेरित गर्ने ।

४. **कार्यक्रमको क्षेत्रः** (१) यो कार्यक्रम गाँउपालिका भरि लागु हुनेछ ।

(२) यो कार्यक्रमको क्षेत्रले निम्न दिर्घ रोगी भएकाहरुलाई जनाउने छ।

(क) उच्च रक्त चाप भएका जेष्ठ नागरिक ।

(ख) मधुमेह रोग लागेका (**Type-1** र **Type-2**)।

(ग) मानसिक रोगि ( जसलाई सम्बन्धित चिकित्सकले मानसिक रोगि भनि प्रमाणित गरि नियमित औषधि सेवन गर्नु पर्ने विरामी) ।

(घ) छारे रोग (मृगी) का विरामी जसले **phenibarbitone** नामक औषधि सेवन गर्छन ( यो औषधि मात्रै पाउने) ।

(ङ) बाथ ज्वरो (**Rumatic fever**) जो विरामी २१/२१ दिनमा **penidura/ penicilline-v injection** लगाउछन उनीहरु पनि यस कार्यक्रमको क्षेत्र भित्र समेटिने छन ।

(च) मुटुको अप्रेशन गरेका वा अन्य मुटुको औषधि खाई रहने विरामी यस कार्यक्रममा समेटिएको मानिने छैन तर एकल महिला / पुरुसका स्याहारकर्ता नभएका भनि पालिका अध्यक्षको सिफारिस भएमा र औषधि मौज्दात भएमा वितरण गर्न सकिनेछ ।

५. **सञ्चालक समिति गठन सम्बन्धी व्यवस्थाः** सञ्चालक समितिमा देहाय बमोजिमका पदाधिकारीहरु रहनेछन्ः

(क) माछापुच्छ्रे गाँउपालिका अध्यक्ष - संयोजक

(ख) माछापुच्छ्रे गाँउपालिका उपाध्यक्ष - सदस्य

माछापुच्छ्रे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) सामाजिक बिकास समिति संयोजक - सदस्य

(ङ) महिला बालबालिका शाखा प्रमुख - सदस्य

(च) जेष्ठ नागरिक संजाल सदस्य (अध्यक्षले तोके अनुसार)- सदस्य

(छ) स्वास्थ्य शाखा प्रमुख वा सम्बन्धित कार्यक्रम हेर्ने नर्सिंग कर्मचारी -सदस्य सचिव

माथि जुनसुकै कुरा लेखिएको भएतापनि विभिन्न विषयमा आवश्यक छलफल गर्नुपर्ने आवश्यकता देखिएम वैठकमा सम्बन्धित विज्ञलाई आमन्त्रित सदस्यको रुपमा राख्न सकिनेछ।

**६. सञ्चालक समितिको काम, कर्तव्य र अधिकारः** सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) कार्यक्रमको आवश्यक नीति, योजना, बजेट तथा कार्यक्रम तर्जुमा गर्न कार्यपालिकालाई सुझाव प्रदान गर्ने ।

(ख) स्वीकृत भएको नीति योजना तथा कार्यक्रम कार्यन्वयन गर्ने गराउने ।

(ग) कार्यक्रमको कार्यान्वयन, मुल्यांकन, अनुगमन, सुपरिवेक्षण गरि कार्यक्रम सुधार तथा प्रभावकारिता बढाउन पहल गर्ने ।

(घ) त्रैमासिक बैठक बसी अध्यावधिक गरिएका विरामीहरुको लागि आबश्यक पर्ने औषधिको माग निर्धारण भई आएको परिमाणलाई खरिदका लागि निर्देशन गर्ने सम्बन्धित स्वास्थ्य सस्थालाई आपूर्ति गर्न सहयोग गर्ने ।

(ङ) कार्यक्रममा देखा परेका विभिन्न नीतिगत रुपमा समस्या देखा परेमा समाधानको लागि आवश्यक पहल गरि समस्या समाधान गर्ने ।

माछापुच्छ्रे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय

**७. समितिको बैठक सम्बन्धि व्यवस्थाः** समितिको बैठक सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः

(क) समितिको बैठक कम्तीमा वर्षको ३ पटक र आवश्यकता अनुसार संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(ख) कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(ग) बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**८. कार्यक्रम कार्यान्वयन गर्ने इकाई/प्रक्रियाः** (१) दिर्घ रोगी (उच्च रक्तचाप, मधुमेह, मानसिक रोग) जेष्ठ नगरिकहरुलाई निशुल्क स्वास्थ्य परिक्षण तथा औषधि वितरण कार्यक्रम गाउँपालिकामा रहेको स्वास्थ्य शाखाद्वारा सञ्चालन गरिनेछ उक्त कार्यक्रम गर्दा अनुसूची - १ बमोजिमको फारम भरेको हुनु पर्नेछ।

(२) सबै स्वास्थ्य संस्था अन्तर्गतका स्वास्थ्य संस्था प्रमुखहरु/वडा सचिवहरुलाई गाँउपालिकामा डाकी गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, कार्यपालिका सदस्यहरु/प्र.प्र.अधिकृतको उपस्थितिमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने।

(क) संकलित तथ्याङ्कको आधारमा स्वास्थ्य संस्थाले आफ्नो सेवा रजिस्टरमा सबै जेष्ठ नागरिकको नाम साथै रोगको विवरण प्रविस्ट गर्ने ।

(ख) अध्यावधिक गरिएको डाटा र विरामीले खाई रहेका औषधिको फेरेस्ट विवरणका आधारमा पालिकामा त्रैमासिक रुपमा औषधि माग विवरण पेश गर्ने ।

(ग) औषधि सेवन गर्ने जेष्ठ नागरिक स्वास्थ्य संस्था सम्म आउन नसक्ने भए वा स्याहार कर्ता नभएमा सम्बन्धित जेष्ठ नागरिकको आवास सम्म औषधि पुऱ्याउनु पर्ने ।

माछापुच्छ्रे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

(घ) नेपाल सरकार र माछापुच्छ्रे गाँउपालिका बाट उपलब्ध जेष्ठ नागरिक निशुल्क स्वास्थ्य जांच तथा निशुल्क औषधि वितरण कार्यक्रम समुदायमा बताउने ।

(ङ) जेष्ठ नागरिकहरुमा हुन् सक्ने स्वास्थ्य जटिलताहरुबारे बताउने ।

(च) स्वास्थ्य कर्मीहरुको सहयोगमा तथा वडाको सक्रियतामा जेष्ठ नागरिकहरुको व्यक्तिगत विवरण सहित उहाहरुले खाने औषधि तथा औषधिको composition र company समेत टिपोट गरि स्वास्थ्य सस्थामा डाटा अध्यावधिक गर्ने ।

(छ) अध्यावधिक गरिएका आधारमा सम्बन्धित बिरामीलाई ३/३ महिनाको लागि औषधि वितरण गरी सो को रेकर्ड स्वास्थ्य शाखामा राख्ने ।

**९. बजेट सम्बन्धी व्यवस्था :-** यस कार्यविधीमा, उल्लेखित क्रियाकलाप कार्यन्वयन गाँउपालिकाको बार्षिक बजेटबाट सञ्चालन गरिनेछ ।

**१०. अनुगमन तथा मुल्यांकन :-** कार्यक्रमको अनुगमन तथा मुल्यांकन सञ्चालनक समितिले चौमासिक /अर्धवार्षिक तथा वार्षिक रुपमा गर्नेछ ।

माथि जुनसुकै कुरा लेखिएको भएता पनि आवश्यक परेको वखतमा सञ्चालनक समितिले कार्यक्रमको अनुगमन तथा मुल्यांकन जुनसुकै समयमा पनि गर्न सकिनेछ ।

**११. बाधा अड्काउ फुकाउने व्यवस्थाः** यस कार्यक्रम कार्यन्वयन सम्बन्धि कुनै बाधा दुविधा परेमा सोको व्याख्या गर्ने बाधा अड्काउ फुकाउने अधिकार गाँउकार्यपालिकामा रहनेछ ।

**१२. संसोधन सम्बन्धी व्यवस्थाः** यस कार्यविधीमा व्यवस्था गरिएको बुंदाहरुमा संसोधन गर्ने अधिकार गाँउकार्यपालिकामा निहित हुनेछ ।

माछापुच्छ्रे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

**१३. प्रचालित कानुन बमोजिमः** यस कार्यविधीमा उल्लेख भएको बिषयको हकमा यसै कार्यविधि बमोजिम र अन्य  कुराहरुको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

माछापुच्छ्रे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय

## अनुसूची -१

| क्र.स. | विरामीको नाम | उमेर | लिंग | ठेगाना | विरामीलाई देखा परेको रोग | प्रयोग गरेका औषधिहरु | कम्पनी | लागत मूल्य | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | १ | १ | | | |
| | | | | | २ | २ | | | |

पुनश्च : औषधि वितरण गर्दा रजिस्टरमा भर्पाइ गरी वितरण गरिनेछ ।

आज्ञाले,
बेदहरि अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

माछापुच्छ्रे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय

मूल्यः रु. २५।-

प्रकाशकः

माछापुच्छ्रे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लाहाचोक, कास्की